फेदीखोला गाउँपालिका
Phedikhola Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
फेदीखोला ,स्याङ्जा
Phedikhola, Syangja
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Reference. No.):- २०८२/०८३
चलानी नं (Dispatch. No) :-

मितिः २०८३/०२/२८

**विषय: कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

यस गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, योजना तथा कार्यक्रम र बजेट निर्माणको क्रममा रहेकोले यस गाउँपालिका क्षेत्रभित्र क्रियाशील **गैर सरकारी संस्थाहरूले** आगामी आर्थिक वर्ष २०८३/०८४ मा गाउँपालिकासँगको **साझेदारी तथा समन्वयमा** कार्यक्रम सञ्चालन गर्नको लागि कार्यक्रमको विस्तृत प्रस्ताव (लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धि, कार्यविधि र अनुमानित बजेट विवरण सहित) मिति **२०८३ साल असार ५ गते भित्र** यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्राथमिकताका क्षेत्रहरू**

- **आर्थिक विकास तथा गरिबी निवारण:** स्थानीय स्तरमा स्वरोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन, कृषि तथा पशुपालनको आधुनिकीकरण।
- **सामाजिक विकास:** शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य तथा सरसफाइ चेतना, खानेपानी, र पोषण सुधार कार्यक्रम।
- **लक्षित वर्ग उत्थान:** महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको क्षमता विकास र सशक्तीकरण।
- **वातावरण तथा विपद् व्यवस्थापन:** जलवायु परिवर्तन अनुकूलन, फोहोरमैला व्यवस्थापन, र विपद् जोखिम न्यूनीकरण।
- **सुशासन तथा संस्थागत विकास:** कानुन र अधिकार सम्बन्धी सचेतना, तथा सूचना प्रविधिको प्रयोग अभिवृद्धि।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत